# दुर्गा भगवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगा पिपरा, रौतहट
मधेश प्रदेश, नेपाल

प.सं २०८२/८३
च.नं.

मिति :- २०८३/०२/०४

**विषय : प्रस्ताव आह्वान सम्बन्धि सूचना ।**

उपरोक्त सम्बन्धमा यस दुर्गा भगवती गाउँपालिकाको आ.व. २०८२/०८३ मा नेपाल सरकार सशर्त अनुदान चालु (खर्च शिर्षक नं. २२५२२) अन्तर्गत जिविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न रु ९,००,०००।- विनियोजन भएकोमा सो कार्यक्रभ "स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०८२" बमोजिम संचालन गर्न इच्छुक गैर सरकारी संघ/संस्थाले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यक्रमको आर्थिक तथा प्राविधिक प्रस्ताव तयार गरी यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु:**

१. प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
२. अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्रतिलिपी तथा लेखा परीक्षण प्रतिवेदन
३. संस्था कालो सूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र
४. संस्थाको निर्णय
५. स्थायी लेखा नम्बर प्रमाणपत्र प्रतिलिपी
६. कार्यक्रमको अवधारणपत्र र व्यवसायिक कार्ययोजना सहितको कार्यक्रम प्रस्ताव
७. प्रस्तावित व्यवसायको अवधारण पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजना विवरण
८. प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने संभाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण
९. संस्थाले तालिममा सहभागि भएको लक्षित महिलाको लागि अनुसुची ५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह् कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ
१०. व्यवसायिक योजना पेश गर्दा तालिम प्रदायिक संस्था तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जिविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

**नोट : स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ मा उल्लेख भएको क्षेत्र र मापदण्ड बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ ।**

२०८३/०२/०४
..............................
(राकेश कुमार साह)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना प्रविधि शाखा : वेवसाइटमा अपलोड गरि दिनु हुन ।